
# लेखापरीक्षण प्रतिवेदन

# कालिका गाउँपालिका, रसुवा

## आर्थिक वर्ष २०८०/८१




# महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कालिका गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/23

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**१. कैफियत सहितको राय व्यक्त गर्ने आधार**

गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ५ करोड ७२ लाख ९ हजार, एकिकृत पूर्वाधार विकासको रू. १ करोड ३७ लाख ८३ हजार स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.१५ लाख ७ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु ३ लाख ९० हजार समेत गरी रु ७ करोड २८ लाख ९० हजार सुत्रमा समावेश गरेको छैन।

**२.** गाउँपालिकाको रु. ७८ करोड ७० लाख ६ हजारको लेखापरीक्षणबाट रू. ८६ लाख ११ हजार बेरुजू देखिएकोमा रु. ५ लाख ४९ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु रु. ८० लाख ६२ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू.२४ लाख ८८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख २५ हजार र नियमित गर्नुपर्ने रु .४१ लाख ५० हजार रहेको छ। गत वर्षसम्म

रु.१० करोड ८६ लाख १ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड २९ लाख ३९ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**३.** गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने कालिका गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, स्विकृत कार्यक्रममा लक्ष्य अनुसार प्रगति हासिल नभएको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी कालिका गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ६५ | ८६,११,२७४ | ० | ४ | ५,४९,१०१ | ० | ६६ | ६१ | ८०,६२,१७३ | २४,८७,८०७ | ४१,४९,५२६ | १४,२४,८४० | ० | ० | ५५,७४,३६६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रसुवा | १०,८६,०१,००० | | ३७,२३,८७१ | १०४८७७१२९ | | ८०,६२,१७३ | ११२९३९३०२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | 50 | बिल भरपाई | १,४०,५०९ |
| २ | २०८०/८१ | 36 | बढि ग्रेड | ८,५९२ |
| ३ | २०८०/८१ | 39 | अतिरिक्त कक्षा सञ्चालन | ४,००,००० |
| ४ | २०७९/८० | १० | नन्फाइलर: | ३७,२३,८७१ |
| जम्मा | | | | ४२,७२,९७२ |

# (८०३२८५०२३०० - कालिका गाउँपालिका, रसुवा)

# परिचय

१

**(क) कार्यालय परिचयः**- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कालिका गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसगाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, १९२.५३ वर्ग किलोमिटर तथा क्षेत्रफल १० हजार ११५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्यः**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः**- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१३ देखि २०८१।०५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधिः**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमाः**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः**- कार्यालयको आय-व्ययतर्फ रू. ७८ करोड ७० लाख ६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको बिश्लेषणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र

प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ । गाउँपालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सुरक्षाको रू ५७२०९१५६/-, गरिवसँग विश्वेश्वर कार्यक्रमको रू ३९०२००/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू १५०७४५५/२ र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू १३७८२९८०/- समेत रू ७२८८९७९१/२ सुत्रमा लेखाङ्कन गरेको छैन । ।अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको समावेस भएता पनि र सो समावेश भएको रकम म.ले.प. २७० को वित्तियविरणमा समावेश हुँदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/८१ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| | | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ५,३४,२७,६७३.२९ | ५,३४,२७,६७३.२९ | ५,३५,०८,९५५.६६ | ५,३५,०८,९५५.६६ |
| १३००० | अनुदान | २५,१६,८५,३७३.१० | २५,१६,८५,३७३.१० | २६,९९,०३,७०५.९८ | २६,९९,०३,७०५.९८ |
| १४००० | अन्य राजस्व | ७५,४०,२८६.८२ | ७५,४०,२८६.८२ | ६३,१२,०१२.६४ | ६३,१२,०१२.६४ |
| १५००० | विविध प्राप्ति | १,०३,४००.०० | १,०३,४००.०० | ८८,८४३.०० | ८८,८४३.०० |
| क | कुल जम्मा प्राप्ति | ३१,२७,५६,७३३.२१ | ३१,२७,५६,७३३.२१ | ३२,९८,१३,५१७.२८ | ३२,९८,१३,५१७.२८ |
| ३ | चालु | २३,८८,२४,४३३.५४ | २३,८८,२४,४३३.५४ | २४,३६,००,४५३.२२ | २४,३६,००,४५३.२२ |
| २१००० | पारिश्रमिक / सुविधा | १३,९४,३५,६३३.३६ | १३,९४,३५,६३३.३६ | १३,७८,१७,२५९.८७ | १३,७८,१७,२५९.८७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,२१,२२,३१७.९५ | ७,२१,२२,३१७.९५ | ७,९२,८५,३६८.३० | ७,९२,८५,३६८.३० |
| २५००० | सहायता (Subsidy) | ५५,९५,७४०.५० | ५५,९५,७४०.५० | ३४,७६,४७४.५७ | ३४,७६,४७४.५७ |
| २६००० | अनुदान | १,१३,६८,००६.१६ | १,१३,६८,००६.१६ | १,१९,८३,९०७.५० | १,१९,८३,९०७.५० |
| २७००० | सामाजिक सुरक्षा | ९३,७३,९७०.५७ | ९३,७३,९७०.५७ | १,००,१९,३४२.९८ | १,००,१९,३४२.९८ |
| २८००० | अन्य खर्च | ९,२८,७६५.०० | ९,२८,७६५.०० | १०,१८,१००.०० | १०,१८,१००.०० |
| ४ | पूंजीगत | ७,५०,२४,३५५.८३ | ७,५०,२४,३५५.८३ | ८,८६,९७,३८४.८१ | ८,८६,९७,३८४.८१ |
| ३१११० | भवन तथा संरचना | १,७४,९६,११७.०० | १,७४,९६,११७.०० | २,६८,९४,३८०.२८ | २,६८,९४,३८०.२८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३९,१३,०८०.०० | ३९,१३,०८०.०० | ५०,३६,०६३.४३ | ५०,३६,०६३.४३ |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ० | ६,४८,८००.०४ | ६,४८,८००.०४ |
| ३११५० | सार्वजनिक निर्माण | ५,३५,४०,१५८.८३ | ५,३५,४०,१५८.८३ | ५,६०,६८,२१८.४९ | ५,६०,६८,२१८.४९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ७५,०००.०० | ७५,०००.०० | ४९,९२२.५७ | ४९,९२२.५७ |
| ख) | कुल जम्मा भुक्तानी | ३१,३८,४८,७८९.३७ | ३१,३८,४८,७८९.३७ | ३३,२२,९७,८३८.०३ | ३३,२२,९७,८३८.०३ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१०,९२,०५६.१६) | (१०,९२,०५६.१६) | (२४,८४,३२०.७५) | (२४,८४,३२०.७५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २८,४२,२३२.१४ | २८,४२,२३२.१४ | २३,९९,३१९.०८ | २३,९९,३१९.०८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = | १७,५०,१७५.९८ | १७,५०,१७५.९८ | -८५,००१.६७ | -८५,००१.६७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग+घ) | | | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ४,९६,९३,११२.१३ | ४,९६,९३,११२.१३ | ४,९७,७८,११३.८० | ४,९७,७८,११३.८० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५,१४,४३,२८८.११ | ५,१४,४३,२८८.११ | ४,९६,९३,११२.१३ | ४,९६,९३,११२.१३ |

२.२ **फरक हिसाबः** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण गाउँपालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४९६९३११२.१३ | ३१२७५६७३३.२१ | ३१३८४८७८९.३७ | ५१४४३२८८.११ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४९६९३१११.५ | ४२९१९७१५८.५ | ४२७४४६९८२.३४ | ५१४४३२८८.११ |
| फरक | ०.६३ | (११६४४०४२५) | (११३५९८१९२.९७) | ० |

**एकिकृत आय व्ययः** गाउँपालिकाको आर्थिक वर्ष ०८०/८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था यस प्रकार छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **बित्तिय विवरणमा फरकः** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनसँग सोही प्रतिवेदनको टिप्पणीमा भएको प्राप्ति हिसावसँग यथार्थ हुनु पर्दछ । तर टिप्पणीमा भएको प्राप्ति हिसाव र म.ले.प.फा.नं. २७० को वित्तीय प्रतिवेदनमा भएको प्राप्ति निम्न शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| संकेत | शिर्षक | म.ले.प.फा.नं.२७० | टिप्पणी १.२ (स्थानिय सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्ति को विवरण) | फरक |
|---|---|---|---|---|
| ११००० | कर | ५३४२७६७३.२९ | ११४४९९०३४.०३ | ६१०७१३६०.७४ |

टिप्पणी र म.ले.प.फा.नं. २७० मा पनि एउटै शिर्षकमा फरक परक रकम हुनु हुँदैन र टिप्पणीको रकम म.ले.प.फा.नं. २७० सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन । फरक फरक ठाउँमा फरक फरक प्राप्ति हुँदा संचित कोषमा मौज्दात पनि फरक पर्न जान्छ, यसबाट गाउँपालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

३ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउन गाउँपालिकाले प्रयाप्त ध्यान दिनुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | २१० |
| २ | घरबाटो सिफारिस | २१४ |
| ३ | नाता प्रमाणित | ३१२ |
| ४ | जन्म दर्ता | १५८ |
| ५ | मृत्यु दर्ता | १८ |
| ६ | घरनक्सा पासको निवेदन | १७ |
| ७ | अन्य | ३००७ |

गाउँपालिकाबाट प्राप्त विवरणमा अन्य तर्फ ३००७ उल्लेख भएकोमा के के सेवा पुर्‍याएको स्पष्ट छैन ।

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन:-

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरूयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• ठेक्कारूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• गाउँपालिकाबाट सम्पन्न भएका योजनाहरूको गाउँपालिका स्तरिय अनुगमन समितिले अनुगमन गरेकोमा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधीले अनुगमन गरी हस्ताक्षर गरेको पाइएन र

• भ्रमाण खर्च नियमावली २०६४ को नियम २१ भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै भ्रमण सम्पन्न भई सकेपछि भ्रमण प्रतिवेदन समेत पेश गरेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी गाउँपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ५ बजेट सीमा निर्धारण समिति:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ६ बजेट तथा कार्यक्रम तर्जुमा:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ७ बजेट पेश, पारित र अख्तियारीः

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्ष श्री मिरा तमाङ्गले मिति २०८०।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ४१ करोड ४० लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारित भएको छ । यसै गरी गाउँपालिका प्रमुखले मिति २०८०।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ८ बजेट अवण्डाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय/व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्राथमिकताको आधारमा नभै अध्यक्ष विकास कार्यक्रम र उपाध्यक्ष विकास कार्यक्रम नाम दिई एक मुष्ठ रुपमा गाउँपालिका चालु र पूँजीगततर्फ २५/२५ लाख बजेट बिनियोजन गरी गाउँपालिकाको पटके निर्णयहरुबाट योजनाहरू सञ्चालन गरेको देखिएको छ । यस प्रकार आफूखुशी योजना छनौट गर्ने परिपाटीलाईँ निरूत्साहित गर्नु पर्दछ । केहि उदाहरणहरू यस प्रकार छन ।

| उपाध्यक्ष विकास कार्यक्रमतर्फका योजनाहरु | खर्च |
|---|---|
| वडा नं २ तिट्रुङटोल नाली कटान कार्य | ९६०००/- |
| थालागाङ खानेपानी मर्मत | ४८०००/- |
| वडा नं २ थापाटोल नाली निर्माण तथा गोरेटो बाटो | ९६०००/- |
| वडा नं २ गैराघर ट्यांकी निर्माण | १४४०००/- |
| टाँसिलिङ गुम्बा निर्माण | ४७८५४४/- |
| डाँडाटोल स्वारा गोरेटो बाटो | १९२०००/- |
| पोलाङ्चेत गोरेटो बाटो निर्माण | १९२०००/- |
| गैरीखेत सिंचाई निर्माण | ९२४५२/- |
| निङ्गा कुइसाङ छ्योलिङ गुम्बा निर्माण | १८९१७१/- |
| **अध्यक्षविकास कार्यक्रमका योजनाहरु** | |
| कटुन्जे खानेपानी योजना मर्मतको लागि लड्डा खरिद | १२३२१०/- |
| बुद्ध मन्दिर संरक्षण कार्यक्रम | ९५९८२/- |
| वडा नं २ घेप्प दि गोरेटो बाटो निर्माण | ५६९८८/- |
| काभ्रे प्रा वि लाई फर्निचर र शैक्षिक सामाग्री | १५००००/- |
| नेपाल खेलकुद महासंघलाई प्रथम रसुवा रनिङशिल्ड प्रतियोगिताको लागि | ५००००/- |
| लाङ्से खोला पुच्छार कटुन्जे खानेपानी आयोजना | ३६७८९/- |
| नमोबुद्ध तामाङ समाज भाँडाकुडा | १४९३२५/- |
| झांक्री सामान खरिद वितरण | २४९८००/- |
| अगस्ती कृषि तथा पशुपंक्षी फर्म वीउ मेशिन औजार अनुदान | २५०००/- |
| पेरिसडाँडा गोरेटो बाटो | ९४९११/- |
| नवराज पोल्टीफार्म | ३००००/- |

यसरी अवण्डा राखी खर्च गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम नहुने देखन्छ ।तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

९ **क्षेत्रगत वजेटः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रू ४१ करोड ५३ लाख १४ हजार र खर्च रू ३१ करोड ३८ लाख ४९ हजारको आधारमा समग्र रूपमा ७५.५६ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

| क्र स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १८७३३०००.०० | १०९९७०१६.७९ | ३.५ |
| २ | सामाजिक विकास | २२७८८९८९२.०० | १८८७६५१२५.९२ | ६०.१५ |
| ३ | पूर्वाधार विकास | ९२६८६१०८.०० | ५२७०७६९२.१२ | १६.७९ |
| ४ | सुशासन विकास | ४९६२०००.०० | ३३०४६६२.८ | १.०५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ७१०४३०००.०० | ५८०७४१९१.७४ | १८.५ |
| | **जम्मा रू** | ४१५३१४०००.०० | ३१३८४८७८९.३७ | **७५.५६** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास तर्फ सबैभन्दा बढी ६०.१५ प्रतिशत र सुशासन विकास सबै भन्दा घटी १.०५ प्रतिशत रहेको छ ।

## १० **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले यसवर्ष १०० योजना र क्रमागत ३ गरी जम्मा १०३ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये यस वर्ष को ५ वटा र ३ वटा क्रमागत गरी जम्मा ८ योजना ठेक्काद्वारा र बाँकी यस वर्षको ९२ र क्रमागत शुन्य गरी जम्मा ९२ योजना उपभोक्ता समिति मार्फत भएको छ भने ३ वटा योजना संचालन नै नभएको देखिन्छ । गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । तर गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १०३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २६ | १३ | ६ | ७ |
| २. | वडास्तरीय | ७७ | ० | ० | ७७ |
| | जम्मा | १०३ | १३ | ६ | ८४ |

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०० योजनामात्र कार्यान्वयन भई ३ योजना कार्यान्वयन हुन सकेको देखिएन । अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ ।

११ **लक्ष्य प्रगतिः**

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाले पेश गरेको विवरण अनुसार शुन्य प्रगति भएका कार्यक्रम ३ वटा र ५० प्रतिशत प्रगति भएका कार्यक्रम सख्या १ रहेको देखिन्छ । गाउँपालिकाले निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ साथै गाउँपालिकामा सञ्चालन भएका कार्यक्रमहरूको तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% भन्दा बढी |
| कार्यक्रम संख्या | १०३ | ३ | ० | १ | ९९ |

१२ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीयतहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। गाउँपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर गाउँपालिकाले यस वर्ष रू. ११५४८३९/- आर्थिक सहायता वितरण गरेको छ । गाउँपालिको आन्तरिक आम्दानी रू ३२८४२७६/१२ भएको अवस्थामा आम्दानीको करीब ३५.१६ प्रतिशत खर्च लेखेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।केहि उदाहरण यस प्रकार छन ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | ज्याङलाङ युवा समाजलाई खेलकूद व्यवस्थापन खर्च | ४५००००.०० |
| २ | अल्पसंख्य२क जिविकोपार्जन खर्च | १०००००.०० |
| ३ | एकल महिला जिविकोपार्जन खर्च | ४९००००.०० |
| ४ | दलित जिविको पार्जन सिलाई मेशिन | १९८०००.०० |
| ५ | औषधोपचार सहायता २ जनालाई | ८००००.०० |
| ६ | लामाटोल युवा समाजलाई खेलकुद कार्यक्रम व्यवस्थापन खर्च | ३००००.०० |
| ७ | जस्तापाता खरीद घर वस्ति संरक्षण | १९९५०.०० |

१३ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

रू हजारमा

| बजेट उपशिर्षक | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२९९४८ | ७५०२५ | ० | ६६९१ | ५९१४ | ६२४१९ | ५२२४० |
| प्रतिशत | ५७.७३ | | ० | ८.९२ | ७.८८ | ८३.२० | ६९.६३ |

गाउँपालिकाको कुल पुँजिगततर्फ रू ७ करोड ५० लाख २५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको, दोस्रो त्रैमासिकमा रू. ६६ लाख ९१ हजार (८.९२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू ५९ लाख १४ हजार (७.८८ प्रतिशत) र चौथो त्रैमासिकमा रू ६ करोड २४ लाख १९ हजार (८३.२० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ५ करोड २२ लाख ४० हजार (६९.६३ प्रतिशत) खर्च देखिनुले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले आर्थिक वर्ष ०८०/८१ को अन्तर सरकारी अख्तियारी बाहेक सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । गाउँपालिकाको आन्तरिक लेखापरीक्षणको लागि १ दरवन्दी रहेकोका उक्त दरवन्दीमा लेखापरीक्षण गर्ने समय सम्म कर्मचारी पदपूर्ति हुन नसकेको कारण सम्पूर्ण कारोबारको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन ।तसर्थ गाउँपालिकाले रिक्त दरवन्दी पदपूर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस गाउँपालिकाले पहिलो आधिकक योजना तयार गरी सो को अवधि आ.व. ०७९/८० मा समाप्त भएकोमा दोश्रो आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन ।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

१७ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दीः**

स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ । गाउँपालिकाले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धी विवरणमा कुल दरबन्दी संख्या १२७

रहेकोमा सो मध्ये स्थायी तथा करार ८५ र कार्यक्रम तर्फ २९ जना गरी जम्मा ११४ जना कर्मचारीहरू कार्यरत रहेको छन भने १३ जना रिक्त देखिन्छ । कार्यरत कर्मचारी मध्ये गाउँपालिका तर्फ ९८ दरवन्दी भएकोमा ३८ पदपुर्ति ४७ करार १३ रिक्त छ भने कार्यक्रम तर्फ २९ कर्मचारी कार्यरत देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १८ वटा ऐन र ३० कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै गाउँपालिकाले गाउँसभा। कार्यपालिकाबाट स्वीकृत गरी उक्त राजपत्रमा प्रकाशन गरेको छ ।

१९ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको १५ गरी कुल २५ विवाद दर्ता भएकोमा १० वटा मात्र फर्स्योट भई १५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **खर्च बिश्लेषणः**

गाउँपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू ३२८४२७६/१२ राजस्व बाँडफाँड र अनुदानबाट रू ३०९४७२२४५६/१ समेत रू ३१२७५६७३२/२२ आम्दानी भएकोमा चालु तर्फ रू २३८८२४४३३/५४ र पूँजिगत तर्फ रू७५०२४३५५/८३ समेत रू ३१३८४८७८९/३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू ५३८५५००/०० खर्च भएको छ जुन आन्तरिक आयको ६३.९८ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.०६ प्रतिशत चालु र २३.९० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२१ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ७५०२४३५५/८३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू ११८६२७५०/- र गाउँपालिकाका तर्फ रू १६२७९०९९/- समेत रू २८१४१८४९/-

खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

२४ **भ्रमण खर्च:**

भ्रमण खर्च नियमावली २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि को १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरूवा बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ। गाउँपालिकाले कुन कुन वडामा जादा कति कोष हुन्छ भनि प्रमाणित नगरि वडामा जादा आउदा भ्रमण भत्ता पाउने गरि भुक्तानी गरेको देखिन्छ । गाउँपालिकाको चालु खर्च तर्फ भ्रमण खर्चमा रू १६२२२००/- भुक्तानी गरेको देखिन्छ । विभिन्न कार्यक्रममा भुक्तानी गरेको भ्रमण भत्ता दिन मिल्ने नमिल्ने यकिन गर्न सकिएन । गाउँपालिकाले कति कोष टाढा हो भनि प्रमाणित गरी भ्रमण खर्च दिनुपर्दछ । २० किलोमिटर भन्दा कम दुरिमा दैनिक भ्रमण भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । साथै प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गरेको उल्लेख गरी कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी भएका सम्बन्धमा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको नियमानुसार भ्रमण अभिलेख खाता नरहेको भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको गाउँपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाउँपालिका गएको जनाई सो वापत भ्रमण खर्च लेखेको छ । यस्तो कार्यलाई नियन्त्रण गर्नु पर्छ ।

२५ **इन्धन खर्चः**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड, कार्यविधि बनाएको छैन। गाउँपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध नगराएको र सवारी लकबुकको व्यवस्था पनि गरेको छैन । गाउँपालिकामा चालु हालतमा रहेको पेट्रोलबाट चल्ने मोटरसाइकल १७ वटा, कार-१ र डिजलबाट चल्ने पिकअप (स्कारपियो) -१, एक्साभेटर -१,मिनि ट्रक-१, एम्वुलेन्स-१ संचालनमा रहेको देखिन्छ । यस वर्ष गाउँपालिकाले ईन्धनवापत रू ४९०४२४८/- खर्च गरेको छ । सो बाहेक कन्टिन्जेन्सी र अन्य कार्यक्रमबाट समेत इन्धन खर्च गरेको देखिएकोले खर्चमा मितव्ययीता एबं आन्तरिक नियन्त्रण पद्धती अवलम्बन एवं निर्देशिकामा तोकिए अनुरूप मापदण्डको पालना गरी उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२६ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा खाना, चिया, नास्ता, जुस, पानी आदीको भुक्तानीका लागि रू.१५१९५१३/०० खर्च गरेको देखियो । गाउँपालिको आन्तरिक आम्दानी रू ३२८४२७६/१२ भएको अवस्थामा आम्दानीको करीब ४६.२३ प्रतिशत खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ । केही उदाहरण यस प्रकार छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | गाउँपालिका/ विभिन्न समिति/गाउँसभाब बैठकमा चिया खाजा | ५२६२२९.०० |
| २ | मजदुर दिवस कार्यक्रममा चिया खाजा खर्च | २७२००.०० |
| ३ | जिल्ला प्रशासन/प्रहरी कार्यलयको व्यवस्थापन खर्च | ५६१८४.०० |
| ४ | ज्याङलाङ युवा समाज कार्यक्रममा चिया खाजा खर्च | ३००००.०० |
| ५ | आर्युवेद शाखाको इन्धन खर्च | ३४३८०.०० |
| ६ | योजना अनुगमनको खाजा खाना खर्च | ८२०८०.०० |
| ७ | खरिद समिति /बोलपत्र खोल्न/मुल्यांकन/स्टाफ मिटिङ्गमा चिया खाजा को खर्च | ९५०००.०० |

२७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू १ करोड २ लाख ३० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू ८४ लाख ८ हजार अर्थात अनुमान भन्दा ६७.९० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२८ **आन्तरिक आम्दानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १९१५१३ | ३२८४ | १.७१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७१ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

**रू हजारमा**

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०० | ९ | ९ |
| भुमिकर/मालपोत | ४०० | २४० | ६० |
| घरजग्गा वहाल कर | ८०० | ८०० | १०० |
| व्यवसाय कर | २०० | ३१२ | १५६ |
| वहाल विरौटी शुल्क | ४५ | ० | ० |

गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले कर असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३० **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू ३११४९८.०० कर सङ्कलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट गाउँपालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३१ **घर जग्गा बहाल करः**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०७५ को दफा ५ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू ८०४१३६/२४ कर संकलन गरेको छ। गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन । अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३२ **विज्ञापनकरः**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

३३ **आन्तरिक आयः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले यसवर्ष आन्तरिक आय तर्फ रू ३२८४२७६.७५ आम्दानी गरेको छ । सो सम्बन्धी देखिएका वेहोरा निम्नानुसार रहेका छन्ः-

३३.१ **राजस्व आम्दानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले राजस्वको लेखांकन शुत्रमा गर्ने गरेको छ । शुत्रको

राजस्व संकलनको प्रतिवेदनमा कर दाता अनुसारको लगत विवरणमा रु ४०८६०/- उठ्न बाँकी राजस्व देखिन्छ । उक्त रकम गाउँपालिकाले यकिन गरी सम्बन्धितलाई स्थानीय संचित कोष दाखिला गर्नलगाउनु पर्दछ ।

३३.२ **एक्साभेटर आम्दानीः** गाउँपालिकाबाट १ एक्साभेटर खरिद भएको पाइयो । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष एक्साभेटर अन्य व्यक्ति तथा उपभोक्ता समितिलाई प्रयोग गर्न दिए वापत रू ५०८८७५/- राजस्व असुली भएको देखिन्छ ।सो सम्बन्धी देखिएका वेहोरा निम्नानुसार रहेका छन्ः-

**क.** गाउँपालिकाले एक्साभेटरबाट प्राप्त आम्दानीको नगदि रसिद प्रयोग नगरेको, के कति समय कुन व्यक्ति वा संस्थाले प्रयोग गरेको देखिने गरि कुनै सम्झौता नगरेको, मेशिनको लगबुकमा पनि पालिकाका, उपभोक्ता वा व्यक्तिगत काम खुल्ने गरी प्रयोजन खुलाएर विवरण राखेको छैन।लगबुक परीक्षण गर्दा २०८०।८।१७ मा गाउँपालीका देखि कट्टुञ्जे गई ८.७ घण्टा घडेरी खारेको उल्लेख भएकोमा २०८०।८।१८ मा ७.७ घण्टाको राजस्व असुली भएको देखिन्छ । लग बुकमा कसको घडेरी खारेको हो स्पष्ट नाम ठेगाना उल्लेख नगरेको कारण आउनु पर्ने सबै रकम आए नआएको यकिन हुन सकेन ।गाउापालिकाले विवरण अद्यावधिक नगरेको कारणले प्राप्त भएको राजस्वको यथार्थता यकिन हुन सक्ने आधार देखिदैन ।गाउँपालिकाले लक बुक अनुसारको सबै राजस्व प्राप्त भए नभएको यकिन गरी असुल गर्नुपर्दछ ।

**ख**. गाउँपालिकाले एक्साभेटरबाट गाउँपालिकाको बाटो सफा गर्ने, पहिरो पन्छ्याउने लगायतका कार्य गर्ने गरेको उल्लेख गरेकोमा कुन कुन ठाँउमा के कति काम गरेको विवरण एवं कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने नगरेको कारण के कति कार्य भए नभएको सम्बन्धमा यकिन हुन सकेन । गाउँपालिकाले पेश गरेको लकबुक अनुसार २०८०।३।१८ सम्म ८८४५ लीटर इन्धन खपत भएको देखिन्छ । इन्धन खर्च र चालकलाई भत्ता खर्च लेख्दा मेशिन प्रयोगको लगबुक स्पष्ट राख्ने र गाउँपालिकाको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

३३.३ **एम्बुलेन्स आम्दानीः**- गाउँपालिकाको एम्बुलेन्स सञ्चालनको लागि उपाध्यक्षको संयोजकत्वमा एम्बुलेन्स व्यवस्थापन समिति गठन गरेको पाइयो । समितबाट प्राप्त विवरण अनुसार यस बर्ष एम्वुलेन्सबाट रू. ७००११५।- आम्दानी र रू.६४२३४१.०६ खर्च भएको देखिन्छ । सो सम्बन्धी देखिएका वेहोरा निम्नानुसार रहेका छन्ः-

**क. रसिद नियन्त्रण खाताः**- एम्बुलेन्सको लागि प्रयोग भएका रसिद पालिकाको जिन्सी खातामा आम्दानी नभएको र रसिद नियन्त्रण खातामा अभिलेख राखेको नपाइएको र लेखापरीक्षणको क्रममा समेत नगदि रसिद पेश नभएकोले बर्षभरि एम्बुलेन्सको लागि के कति रसिद प्रयोग भए र आम्दानी कति हो भन्ने सम्बन्धमा यकिन हुन सकिएन । एम्बुलेन्सबाट आम्दानी व्यवस्थित गर्नको लागि नगदि रसिद रसिद नियन्त्रण खातामा अभिलेख गराउने, लकबुक राख्ने, एम्बुलेन्सबाट प्राप्त सबै रकम समयमा स्थानीय संचितकोष दाखिला हुने व्यवस्था मिलाउनु पर्दछ ।

**ख. ऐम्बुलेन्स सेवाः**- एम्बुलेन्स सेवा उपलब्ध गराएबापतको आम्दानी प्राप्तीको लागि प्रयोग हुने नगदी रसिद एम्बुलेन्स चालकले नै प्रयोग गर्ने, नगदी रसिदबाट प्राप्त रकम सञ्चित कोष दाखिला नगरी सबै रकम सिधै इन्धन खरिद, मर्मत र प्रोत्साहन भत्तामा खर्च गरेको देखिन्छ । गाउँपालिकाले सबै आम्दानी खर्च गरेको तर दाखिला नगरेको र खर्चको विल भरपाई समेत पेश नगरेकोले उक्त एम्बुलेन्सबाट आम्दानी सम्बन्धमा गाउँपालिकाले छानविन गरी नपुग रकम संचित कोष दाखिला गर्न लगाउनु पर्दछ ।

३४ **दहत्तर बहत्तर शुल्कः**-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा विक्री गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष दहत्तर बहत्तर बापत रू १४१९३६०/- (संचित कोषको वित्तीय प्रतिवेदन अनुसार) असुल गरेको छ । सो सम्बन्धी देखिएका वेहोरा निम्नानुसार रहेका छन्ः-

३४.१ गाउँपालिका अन्तर्गत रहेका खोलाबाट ढुंगा गिटी बालुवा उत्खनन् गर्नको लागि IEE प्रतिवेदन तयार गरी सोहि IEE प्रतिवेदन अनुसार दहत्तर बहत्तर शुल्क संकलन गर्नुपर्नेमा पालिकाले IEE प्रतिवेदन तयार नगरी अमानतबाट दहत्तर बहत्तर शुल्क असुली गरेको छ जसले

गर्दा वार्षिक रुपमा के कति संकलन गर्न सकिने हो यकिन हुन सकिएन। पालिकले ढुंगा गिटि वालुवा उत्खनन् गर्नु अगाबै IEE गरी सो अनुसारको परिमाणमा उत्खनन् गर्नुपर्दछ ।

३४.२ पालिकामा प्रयोग भएका रसिदहरुको के कति प्रयोग भए र जारी भए अनुसारका रसिदहरु प्राप्त भए नभएको स्पष्ट खुल्ने गरी रसिद नियन्त्रण खाता राख्नुपर्नेमा पालिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन।यस वर्ष रसिद नं.४०१ देखि रसिद नं १५०० सम्मको रसिद छपाइ गरेकोमा जिन्सी खातामा आम्दानी बाँधेको देखिएन र अमानतबाट संकलन गरेको रसिदहरु यस वर्ष छापेको भन्दा फरक नं को भएकोमा उक्त रसिदहरु समेत जिन्सी खातामा आम्दानी जनाएको छैन ।पालिकाले छपाई गरेका रसिद जिन्सी आम्दानी जनाउनुपर्ने र खर्च भएको रसिदहरु रसिद नियन्त्रण खातामा अद्यावधिक गरी प्रयोग गर्नुपर्ने देखिन्छ ।

३४.३ पालिकामा अमानतबाट रू.१४१९३६०।– दहत्तर बहत्तर शुल्क असुल गरेकोमा पालिकाको १ जना कर्मचारीलाई जिम्मा दिइ नगदि रसिद प्रयोग गरी संकलन गरेको पाइयो ।अमानतबाट शुल्क संकलनको लागि प्रयोग भएको नगदि रसिदमा कुन प्रकारको सवारी साधन हो सो उल्लेख नगरि परिमाण मात्र उल्लेख गरेको, कतिपय परिमाणमा एकरुपता समेत नभएको (१०० देखि २६० क्यु फिट सम्मको परिमाणमा उठाएको ) एउटै नं को गाडिमा पनि कुनैमा २६० क्यु फिट र कुनै रसिदबाट १६० क्यू फिटको शुल्क असुली गरेको कारण सो परिमाण सम्बन्धी यकिन हुन सकिएन । पालिकाले नियमानुसार दैनिक आम्दानी र मासिक आम्दानीको अभिलेख समेत अद्यावधिक नगरेको कारण दहत्तर बहत्तर शुल्क वापत प्राप्त सबै रकम बैंक दाखिला भए नभएको सम्बन्धमा यकिन हुन सकिएन ।साथै पालिकाबाट उपभोक्ता समिति मार्फत सञ्चालन भएका कतिपय योजनाहरुमा ढुंगा गिटी वालुवा collection गरेको अवस्थामा उपभोक्ता समितबाट समेत दहत्तर बहत्तर शुल्क असुली गर्न सकिनेमा पालिकाले संकलन गरेको पाइएन । यस सम्बन्धमा पालिकाले छानबीन गरी यकिन गर्नुपर्दछ र आगामी दिनमा थप ध्यान पर्याउनुपर्ने देखिन्छ ।

३४.४ पालिकाले अमानतबाट दहत्तर बहत्तर शुल्क असुली गर्दा वागमति प्रदेश आर्थिक ऐन, २०८० अनुसार प्रति क्यू फिट ९ रुपैंयामा १३ प्रतिशत मूल्य अभिबृद्धि कर समेत थप गरी प्रति घनफिट रू.१०.१७ का दरले शुल्क लिनुपर्नेमा मूल्य अभिबृद्धि कर थप नगरी लिएको छ । यस वर्ष पालिकाले दहत्तर बहत्तर वापत रु १४१९३६०।– असुली गरेकोमा नियमानुसार सो को १३ प्रतिशतले मू.अ.कर नलिएको कारण नेपाल सरकारको रु.१८४५१७।– आम्दानी घटि हुनगएको छ । पालिकाले मू.अ. कर सहितको शुल्क असुल गर्नुपर्दछ ।

३५ **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले विभिन्न २५ पदमा ४७ जना कर्मचारीहरू करारमा राखी रू. १ करोड ९ लाख ७७ हजार खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न आइटि अधिकृत कम्प्युटर अपरेटर, हेल्थ असीस्टेन्ट र अनमि लगायतका ११ जना करार नियुक्ति गरी बर्षभरीमा रू १९३२७२६/- भुक्तानी गरेको अनियमित देखएको रू.......

| | |
|---|---|
| अनियमित भएको | १९,३२,७२६ |

३६ **बढि ग्रेड**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **४,८०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **३,७८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३७ **कार्यसम्पन्न प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार सामुदायिक विद्यालयलाई सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित अनुदान विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले देहायका विद्यालयहरुलाई संघीय र आन्तरिक स्रोतबाट रू.५३०००००।- अनुदान विद्यालयको खातामा निकासा गरेकोमा बिल, भरपाई जिन्सी दाखिला र कार्यसम्पन्न प्रमाण पेश नगरेकोले कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रू.....

| क्र.स | विद्यालयको नाम | पालिका अनुदान(भौ.नं) १४१ | संघीय अनुदान (भौ.नं) ५४ | जम्मा रकम |
|---|---|---|---|---|
| १ | श्री सेतीभूमे मा.वि | २०००० | ३०००० | ५०००० |
| २ | श्री झ्यङलङ प्रा.वि | १०००० | १५००० | २५००० |
| ३ | श्री निलकण्ठ नमुना मा.वि | २०००० | ३०००० | ५०००० |
| ४ | श्री ग्रङ आ.वि | १५००० | २०००० | ३५००० |
| ५ | श्री नारायणस्थन आ.वि | १५००० | २०००० | ३५००० |
| ६ | श्री शिलदेवी प्रा.वि | १०००० | १५००० | २५००० |
| ७ | श्री काभ्रे प्रा.वि | १०००० | १५००० | २५००० |
| ८ | श्री पलेप प्रा.वि | १०००० | १५००० | २५००० |
| ९ | श्री कालिका हिमालय मा.वि | २०००० | ३०००० | ५०००० |
| १० | श्री तेम्रङ प्रा.वि | १०००० | १५००० | २५००० |
| ११ | श्री वच्छल देवी आ.वि | १५००० | २०००० | ३५००० |
| १२ | श्री सूर्योदय प्रा.वि | १०००० | १५००० | २५००० |
| १३ | श्री मनकामना प्रा.वि | १०००० | १५००० | २५००० |
| १४ | श्री सेतीदेवी मा.वि | २०००० | ३०००० | ५०००० |
| १५ | श्री सुन्धरा मा.वि | २०००० | ३०००० | ५०००० |
| जम्मा | | २१५००० | ३१५००० | ५३०००० |

| प्रमाण पेश नगरेको | ५,३०,००० |
|---|---|

३८ **शिक्षक दरबन्दी**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालय संङ्या | स्वीकृतदरबन्दी | पदपूर्ती | पदपूर्तीमध्ये करार | रिक्त | विद्यार्थीसंङ्या |
|---|---|---|---|---|---|
| १५ | ११८ | ११८ | ३२ | ० | १५९९ |

पालिका अन्तर्गत १५ विद्यालयमा ११८ दरबन्दि रहेकोमा ११८ पदपूर्ति रहेको र पदपूर्ति मध्ये ३२ जना करार शिक्षक रहेको देखिन्छ । १५ विद्यालयमा जम्मा विद्यार्थी संख्या १५९९ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

३९ **अतिरिक्त कक्षा सञ्चालन** (३७१-२०८१-३-१९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४० **समानीकरण अनुदान बाट शिक्षक तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाको स्वीकृत दरबन्दीमा नपरेका गाउँपालिकाले १३ जना स्वयमसेवक शिक्षक नियुक्ती गरि तलब भत्ता वापत रु. २७२७१२२ खर्च लेखेको छ । शिक्षकलाई वित्तिय समानिकरण बजेटबाट पालिकाले निजि शिक्षक नियुक्ती गरि खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४१ **छात्रवृत्ति प्रोत्साहन**

कालिका गाउँपालिका प्रोत्साहन सम्बन्धी अनुदान कार्यविधि, २०७५ अनुसार गरिब विपन्न तथा जेहेनदार विद्यार्थीहरुका लागि छात्रवृत्ति उच्च शिक्षा अध्ययन गर्ने एम.वि.वि.एस, ईन्जिनियरिङ, कृषि स्नातक, सिए, एच.ए, बि.बि.ए, कानुन, कालिका हिमालय क्याम्पसका छोरी स्नातक, बुहारी स्नातक, बुहारी स्नातकोत्तर, स्नातक तह दलित अपाङ्ग लगायतका १८८ जना विद्यार्थीहरुलाई रू २६९५००० अध्ययन छात्रावृत्ति प्रदान गरेको छ ।यस अध्ययन पश्चात ती छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले यस क्षेत्रमा दिने योगदान सम्बन्धमा कुनै उल्लेख छैन यस प्रकृतिको छात्रवृत्ति गत विगत देखि के कति लाई दिएको हो अभिलेखिकरण गरेको पनि देखिएन र आन्तरिक स्रोत करिब ३३ लाख रहेको अवस्थामा प्रयेक वर्ष छात्रवृत्ति वापत रकम भुक्तानी गर्न आधार विश्लेषण नगरि वितरण गर्नु उचित देखिएन ।

४२ **अध्ययन बिदामा स्थानीय भत्ता**

अर्थमन्त्रालयको मिति २०७२।०४।०२ मा तलबमान र सुविधा सम्बन्धी पत्र अनुसार कुनै कर्मचारी अध्ययन काज, अध्ययन तथा असाधारण बिदामा बसेको कर्मचारिले स्थानीय भत्ता नपाउने व्यवस्था उल्लेख छ । पालिकाका स्वास्थ्य चौकि र प्राथमिक स्वास्थ्य चौकिमा कार्यरत कर्मचारिहरु को अध्ययन बिदा स्वीकृत भएको अवस्थामा रु. ४०६८०।- स्थानीय भत्ता भुक्तानी दिएको देखिएकोले उक्त भत्ता असुल गर्नुपर्ने रू..........

| पद | नाम | दुर्गम भत्ता दर | महिना | रकम |
|---|---|---|---|---|
| स्वा.चौ अनमी | बुद्धिमान घले | २५६० | १२ | ३०७२० |
| प्रा. स्वा.चौ अनमी | सोजना श्रेष्ठ | ८९० | १२ | ९९६० |
| जम्मा | | | | ४०६८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,६८० |

४३ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ अनुसार मालसमान आपूर्तीकर्ताले पेश गरेको स्वीकृत दरभाउपत्र बमोजिमका परिमाण र मूल्यमा मालसमानहरु आपूर्ती गर्नुपर्दछ । पालिकाले सिलबन्दी दरभाउपत्र मार्फत गोसाईकुण्ड मेडिसिन सप्लायर्स बाट रू २३४९९९७।- लागत अनुमान रहेको विभिन्न १०४ आईटम र परिमाणका औषधीहरु लागत अनुमान भन्दा ५४.९१ प्रतिशत कम अर्थात रू १०६८६०१।- कबोल अकंको खरिद गरेकोमा घटि कबोल गरेका कारण बचत रकमबाट पुनः सोहि सप्लायर्सबाट रू. १२८००१२।- को थप ३६ आईटम औषधीहरु खरिद गरेको छ । थप गरेका ३६ आईटम मध्ये उदारणको लागि देहायका औषधीहरु लागत अनुमानमा उल्लेखित परिमाण भन्दा ५० देखि ३०० प्रतिशत सम्म बढी परीमाणमा खरिद गरेको र अधिकांश लागत अनुमान भन्दा बढि कबोल दरका रहेका छन् ।जसले गर्दा आवश्यकताको वास्तविक पहिचान गरेको देखिएन र लागत अनुमानमा समग्रमा ५४.९१ प्रतिशत घटेको उल्लेख भएता पुन पुनः थप खरिद भएका औषधि लागत अनुमान भन्दा बढी दरमा खरिद भएको देखिन्छ । पालिकाले वास्तविक रुपमा आवश्यकता पहिचान गरि सोहि परिमाणमा खरिद गर्नुपर्दछ र लागत अनुमान मुल्य भन्दा बढि कबोल दर रहेका औषधिहरु बढी परिमाणमा थप खरिदहरु गर्ने प्रवृति नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स | औषधीको नाम | लागत अनुमान परिमाण | लागत अनुमान दर | सम्झौता रकम | पहिलो खरिद परिमाण | दोस्रो खरिद परिमाँण |
|---|---|---|---|---|---|---|
| १ | Rectified sprit | ५० | १५० | २६० | ५० | १५० |
| २ | Surgical Glove | १५०० | २८.६२ | ४५ | १५०० | ४५०० |
| ३ | Neomycin skin | ५०० | ५२.१२ | ८५ | ५०० | ५०० |
| ४ | Amoxicillin syrup | ५०० | ५८.२५ | ७८ | ५०० | ५०० |
| ५ | Vitamin B complex | ८०००० | १.६२ | २.४५ | ८०००० | ५०००० |
| ६ | Clove oil | ५० | २३.९४ | ३८ | ५० | २०० |
| ७ | Clotrimazole 1% w/v | २०० | ४५.२६ | ७५ | २०० | १०० |

४४ **फिल्ड भत्ता** (१७२-):

नेपाल सरकारले २०७९।०४।१ गते देखी लागु हुने गरी संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । उक्त तलब भत्तामा फिल्ड भत्ताको व्यवस्था गरेको छैन । पालिकामा राम्चे स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व सरोज मगर ले गाउँघर क्लिनिक सञ्चालन गरेवापत मासिक १८०० का दरले १२ महिनाको स्थानीय भत्ताको अतिरिक्त फिल्ड भत्ता रू. १८३६०।- स्थानीय तहका स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको तलब भत्ता शिर्षकबाट भुक्तानी गरेको छ । स्थानिय तहमा समायोजन भई स्थानीय भत्ता पाईरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त दोहोरो भत्ता रकम असुल हुनुपर्ने रू.........

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,३६० |

४५ **सट्टा बिदा** (१२७-२०८१-२-२८):

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५५ (१) मा स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्टमा जस्ता सार्वजनिक बिदाको दिनमा काम गर्नु पर्ने कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले सार्वजनिक बिदाको दिन काम गरे वापत सट्टा बिदा पाउन सक्नेछन् र त्यस्तो बिदा अर्को तीन महिनाभित्रमा पालो मिलाई लिन सक्ने व्यवस्था र उपनियम (२) मा बमोजिम पालो मिलाई सट्टा बिदा लिन नपाए जति अवधिको तलब बराबरको भुक्तानी दिइने र उपनियम (३) मा सट्टा बिदाको अभिलेख सम्बन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ।पालिकाले यस वर्षको सट्टा विदामा काम गरेको भनि देहायका १२ जना कर्मचारीहरुलाई रू.३४७६८७।- भुक्तानी गरेको छ । अस्पतालनबाट प्राप्त विवरण अनुसार वर्ष भरिमा १३१२५ जनाले ओ.पि.डि सेवा र १०३८ जनाले ईमर्जन्सी/भर्ना सेवा लिएको देखिन्छ । नियमावलीमा भएको व्यवस्था अनुसार सट्टा विदामा काम गरे नगरेको सम्बन्धमा अभिलेख अद्यावधिक नगरेको, कर्मचारीको दरबन्दी कति हो खुलेको प्रमाण जस्ता खर्चलाई प्रमाणित हुने आधार पेश नभएको र बिदा लिन नसकेको कारण स्पष्ट भएको कुनै प्रमाण पेश गरेको पाइएन । पालिकाले सो सम्बन्धमा यकिन गरी खर्चलाई पुष्टी हुने आवश्यक प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल हुनु पर्ने रू.....

| क्र.स | कर्मचारीको नाम | पद | सट्टा बिदा दिन | कर बाहेकको रकम |
|---|---|---|---|---|
| १ | डा. विष्णुदीप पाठक | मे.अ | २५ | ४०२०८ |
| २ | डा. सरोज श्रेष्ठ | मे.अ | २१ | ३३७७५ |
| ३ | डा. पिटर न्यौपाने | मे.अ | २४ | ३८६०० |
| ४ | डा. अच्युत कृष्ण फूयाल | मे.अ | २६ | ४१८१६ |
| ५ | डा. सगुन श्रेष्ठ | मे.अ | १० | १६०८३ |
| ६ | उत्सव पौडेल | ज.स्वा.नी | २३ | ३३१६० |
| ७ | कमल प्रसाद पौडेल | सि.अ.हे.व | २४ | २७५०६ |
| ८ | हरिण वस्नेत | अ.हे.व | २२ | २३८८७ |
| ९ | मोनिका कुमारी | अ.हे.व | २३ | २४९७३ |
| १० | सुमित्रा भुसाल | स्टाप नर्स | २४ | २७५०६ |
| ११ | लक्ष्मी देवकोटा | अ.न.मी | १८ | २०६२९ |
| १२ | निर्मल कुमार चौधरी | ल्या.अ | १८ | १९५४४ |
| जम्मा | | | | ३४७६८७ |

| प्रमाण पेश नगरेको | ३,४७,६८७ |
|---|---|

४६ **लागत सहभागिताः**

गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर गाउँपालिकाले नगद लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ ।स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरि उनिहरूलाई रोजगारको अवसर प्रदान गरि उनीहरूको आर्थिक विकासमा सहयोग पुर्याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन।तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ।स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ।यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा गोरेटो बाटो निर्माण, खानेपानी मर्मत, नाली सरसफाई, मोटर बाटो, मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी ५ वडामा यस वर्ष ७० जना लाई रोजगारी उपलव्ध गराई रू ४६७६०००/- खर्च गरेको छ।लक्षित वर्ग लाई औषत दिन ४ देखि १०० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी

सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।साथै सो को अनुगमन प्रतिवेदन समेत राखेको देखिएन ।

४८ **नाफामूलक संस्थालाई अनुदानः** (३६३-२०८१-३-१८):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष गाउँपालिकाले भोर्ले जिवजिवे किसान कृषि सहकारी संस्थालाई कार्यालय व्यवस्थापनको लागि ल्यावटप खरीदको लागि रू १२५०००।- अनुदान दिएको नियमसम्मत नदेखिएको रू.......

| | |
|---|---|
| अनियमित भएको | १,२५,००० |

४९ **पूँजितगबाट चालु प्रकृतिका खर्च**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा देहाय अनुसार रु.७४३९२५/- चालु खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये भाँडाकुडा खरिद एवं वितरण, खेलकुद प्रतियोगिता सञ्चालन, स्टेशनरी अनुदान लगायतका वितरमुखी एवं अनुत्पादक खर्च समावेश भएका देखिन्छ। पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य उचित देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् ।

| योजना | रकम |
|---|---|
| श्री कृष्ण महिला कृषक समुह भाँडाकुडा खरिद तथा वितरण | २००००० |
| झाँकी सामान खरिद तथा वितरण | २४९८०० |
| सुन्धारा मा वि रनिङशिल्ड स्टेशनरी अनुदान | ७५००० |
| महिला स्वास्थ्य स्वयं सेविकाकाको लागि ट्यांका वितरण | १९८०० |
| नमोबुद्ध तामाङ समाज भाँडाकुडा खरिद वितरण | १४९३२५ |
| नेपाल खेलकुद महासंघ खेलकुद प्रतियोगिता खर्च | ५०००० |
| | ७४३९२५ |

५० **बिल भरपाई**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१४०,५०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५१ **विपद व्यवस्थापन कोष**

पालिकाले निर्माण गरेको विपद व्यवस्थापन कोष(सञ्चालन) कार्यविधि २०७५ मा विपदको घटनाबाट प्रभावित व्यक्तिलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउन कोषको रकम खर्च गर्न सकिने उल्लेख छ । पालिकाले यस कोषबाट रू. २४२५९४५ खर्च गरेकोमा रू. ९१००००/० विपदको अवस्थाको तत्कालै तथा तुरुन्तको खोज, उद्धार र राहत सेवा नभै क्यान्सर, मृगौला जस्ता रोगबाट प्रभावित १५ जनालाई, उपचार खर्च, विपन्न व्यक्तिहरु ४ जनालाई काजक्रिया खर्च तथा विभिन्न कारणबाट मृत पशुपंक्षीहरुको क्षतिपूर्ति ५ कृषकहरुलाई समेत २४ जनालाई बीस हजार देखि एक लाख सम्म आर्थिक सहायता बाँडेको पाइयो । कार्यविधि विपरित विभिन्न रोगको उपचार तथा मृत पशुपंक्षीको क्षतिपूर्ति वापत दिएको आर्थिक सहायता नियमसंगत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ९,१०,००० |

५२ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा स्पेशिफिकेसन अनुसार निर्माणमा प्रयोग हुने सामाग्रीहरुको गुणस्तर परीक्षण हुनु पर्ने उल्लेख छ । पालिकाले २७ फिट अग्लो निलकण्ठ महादेवको मूर्ति निर्माण र स्थापनाको लागि रू. ९४४१०७२/० को लागत अनुमान तयार गरी अमृत घले निर्माण सेवासँग रू. ६७३८९४७/० ठेक्का सम्झौता गरी कार्य सम्पन्न गराएको छ । उक्त ठेक्कामा मूर्तिको लमसम (1job) कबोल अंक रू. ६०१७२५०/० रहेकोमा मूर्ति बनाउन प्रयोग भएका मालसामानहरुको गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न नभएकोले मूर्ति गुणस्तरीय रहेको भनि आस्वस्त हुन सकिएन । गुणस्तरीय बस्तु निर्माणको लागि सम्झौता बमोजिम प्रयोग हुने समानको गुणस्तर परीक्षण हुनु पर्दछ ।

५३ **सवारी साधन खरिद**

अर्थमन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्मन्धी निर्देशिका, २०७४ को निर्देशन नं ५.१५ मा पालिकाको आन्तरिक आम्दानीबाट सवारी साधन खरिद गर्न सकिने उल्लेख छ । आन्तरिक राजस्व पालिकाको कूल खर्चको लगभग डेढ प्रतिशतको हाराहारीमा मात्र रहेको अवस्थामा पालिकाले आन्तरिक आम्दानीबाट यो वर्ष कार्यालयको नियमित प्रयोजनको लागि २ पाङ्ग्रे सवारी साधान मोटर साइकल ६ वटा रू. २७०७२००.०० मा खरिद गरेको छ । आन्तरिक राजस्व कम रहेको अवस्थामा यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

५४ **नागरिक स्वास्थ्य बीमा कार्यक्रमः**

स्वास्थ्य बीमा नियमावली २०७५ को नियम १६ वमोजिम अतिगरिब परिचय पत्र प्राप्त परिवार अति अशक्त अपाङ्गता भएका व्यक्ति तथा ७० वर्ष नाघेका जेष्ठ नागरिकको सत प्रतिशत बीमा प्रिमियम सरकारले व्यहोर्ने र स्वास्थ्य स्वयम सेविकको परिवारको वीमा प्रिमियमको रकमको ५० प्रतिशतसम्म सरकारले व्यहोर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले संघीय नियमावलीको विपरित हुने गरी गाउँपालिकामा स्थायी वसोवास गर्ने सम्पूर्ण नागरिकको निशुल्क गाउँपालिकाबाट बीमा गर्ने गरी नागारीक स्वास्थ्य विमा कार्यक्रम कार्यविधि २०७९ वनाइ तपशिल वमोजिम रू८१५६४००/- खर्च गरेको छ । यसरी गाउँपालिकाको आन्तरिक स्रोत करिब ३२८४२७६/१२ भएको अवस्थामा बीमा नियमावली विपरीत कार्याविधि वनाई प्रत्येक वर्ष गाउँपालिकालाई आर्थिक दायित्व बढ्ने गरी गरिब अपाङ्गता जेष्ठ नागरिक गरिब पहिचान नै नगरी गाउँपालिकाको स्थायी ठेगाना भएका सम्पूर्ण कर्मचारी व्यापारी काठमाण्डौँमा बसोवास गर्ने लगायत सम्पूर्ण नागरिकको स्वास्थ्य बीमा गरी गाउँपालिकालाई थप व्ययभार पार्ने कार्यलाई नियन्त्रण गर्नु पर्छ ।

| भौचर नं. र मिति | स्रोत व्यहोर्ने संस्था | वडा नं | परिवार संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| १२०-०८०/१०/०३ | नेपाल सरकार अनुदान | १ | १०६ | ३९४१००.०० |
| | | २ | ६६ | २४९२००.०० |
| | | ३ | ५० | १८१३००.०० |
| | | ५ | २० | ७१४००.०० |
| १३६-०८०/१०/१० | नेपाल सरकार अनुदान | ४ | १४० | ४९७७००.०० |
| १४२-०८०/१०/१८ | नेपाल सरकार अनुदान | ५ | २१० | ७७५६००.०० |
| १५६-०८०/१०/२४ | नेपाल सरकार अनुदान रू१०१३७००/आन्तरीक श्रोत रू ५२९१००.०० | ५ | १२३ | ४४५९००.०० |
| | | ४ | १९४ | ७०८४००.०० |
| | | ३ | ११० | ३८८५००.०० |
| १६९-०८०/११/१० | आन्तरीक श्रोत | २ | २३३ | ८२३२००.०० |
| १७५-०८०/११/१५ | आन्तरीक श्रोत | ४ | ८७ | ३२२७००.०० |
| २०४-०८०/१२/०६ | आन्तरीक श्रोत | १ | ३४७ | १२९३६००.०० |
| २१९-०८०/१२/१४ | आन्तरीक श्रोत | २ | २१६ | ८१८३००.०० |
| २२७-०८०/१२/२० | आन्तरीक श्रोत | ५ | ४९ | १७४३००.०० |
| | | ३ | ९१ | ३२३४००.०० |
| २४७-०८१/०१/०१ | आन्तरीक श्रोत | ३ | ९ | ३१५००.०० |
| | | २ | ५२ | १९७४००.०० |
| | | १ | १२० | ४५९९००.०० |
| | | | **जम्मा रू** | **८१५६४००.००** |

५५ **अनुगमन मूल्यांङ्कन खर्चः**

गाउँपालिकाको अनुगमन मूल्यांङ्कन कार्याविधी २०७६ को बुदा नं २३ मा अनुगमन मूल्यांङ्कनको वार्षिक कार्ययोजना बनाउनुपर्ने कार्यक्रमगत अनुगमन मूल्यांङ्कन सूचक तयार गर्नुपर्ने र अनुगमन समितले गरेको कामको प्रतिवेदन प्रत्येक ३ महिनामा गाउँपालिकाको वैठकमा पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष अनुगमन मूल्यांङ्कन रू ६ लाख ७९ हजार खर्च लेखेको छ । गाउँपालिकाले दैनिक भ्रमण भत्ता वरावरको एकदिनको अनुगमन भत्ताको दर कार्याविधिमा तोकेको देखिन्छ । सेवा सुविधा प्रदेश कानुनले निर्धारण गर्नुपर्नेमा गाउँपालिकाले प्रति दिनको दैनिक भ्रमण भत्ता सरह हुने गरी अनुगमन भत्ता तोकेको देखियो । यसरी प्रदेश कानुनले नै स्थानीय तहको सेवा सुविधासम्बन्धी कानुन वनाइ दिनुपर्नेमा गाउँपालिकाले आफैले तयार गरेको कार्याविधि अनुसार वार्षिक अनुगमन

मूल्यांङ्कन कार्ययोजना नवनाइ प्रत्येक कार्यक्रमको छुट्टै अनुगमन मूल्यांङ्कन सूचक तयार नगरी अनुगमन मूल्यांङ्कन खर्च लेखेको नियमसम्मत देखिदैन । गाउँपालिकाले अनुगमन मूल्यांङ्कन सूचक तयार गरी मितव्ययिता कामय हुने गरी अनुगमन मूल्यांङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

५६ **फरक शिर्षक खर्चः**

आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८(२) वमोजिम स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तथा सम्बन्धित खर्च शिर्षकमा परेको खर्च गर्न वाँकि रकम एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तपशिल वमोजिमका खर्चमा एक शिर्षकमा तोकिएकोमा बजेट तथा कार्यक्रम अर्कै असम्बन्धी कार्यक्रममा खर्च गरेको तपशिल वमोजिमको खर्चलाई नियमसम्मत मान्न नसकिएको रू ..................

| गो भौ नं र मिति | भुक्तानी पाउने | गर्नुपर्ने खर्च | खर्च लेखेको | खर्च रकम |
|---|---|---|---|---|
| ३९५-०८१/३/२३ | बिभिन्न कर्मचारी | दैनिक भ्रमण खर्च(२२६१२) | अनुगमन मूल्यांकन खर्च(२२६११) | ५५२८००/- |
| ३८३-०८१/३/२० | कार्यपालिका सदस्य हररूलाई विभिन्न ठाउँमा भ्रमण गरेको | दैनिक भ्रमण खर्च(२२६१२) | पदाधिकारी अन्य सुविधा(२१११२) | १०८०००/- |
| ४३७-०८१/३/२४ | बिभिन्न विद्यार्थिलाई | छात्रबृत्ति | सुत्केरी सट्टा शिक्षक अनुदान | ६००००/- |
| १३४-०८०/१०/१० | बिभिन्त पदाधिकारी तथा कर्मचारी | दैनिक भ्रमण खर्च(२२६१२) | अनुगमन मूल्यांकन खर्च(२२६११) राजस्व वाँडफाँड | ८८८००/- |
| | | | अनुगमन मूल्यांकन खर्च(२२६११) आन्तरीक श्रोत | ४२४००/- |
| | | | लघु उद्यम शाखाका लागि तलव पोशाक अनुगमन र प्रविधि हस्तान्तरण(२२५२१)राजस्व वाँडफाँड संघिय सरकार | १५८००/- |
| ३५-०८०/६/२९ | बिभिन्त पदाधिकारी तथा कर्मचारी | दैनिक भ्रमण खर्च(२२६१२) | अनुगमन मूल्यांकन खर्च(२२६११) | ३१४०००/- |
| | | | जम्मा रू | ११८१८००/- |

| अनियमित भएको | ११,८१,८०० |
|---|---|

५७ **गरिवसँग विश्वेश्वर कार्यक्रम**

**बाख्रा वितरण अनुदानः**

गाउँपालिकाले गरिब घर परिवार पहिचान गरि कार्य विधि बनाई अनुदान वितरण गर्नुपर्दछ। गरिबसँग विश्वेश्वर कार्यक्रमबाट २७ गरिब घर परिवारको लागि बाख्रा खरिदको लागि रू २०००००/०० वितरण गरेको देखियो। गरिब घर परिवार खुल्ने परिचय पत्र नभएको किसानलाई अनुदान दिएको खरिद गरेको वाख्राको बिमा नगरेको बाख्रा वितरण पश्चात प्रतिफलको अनुगमन भएको देखिदैन।अनुदान वितरण गर्दा वास्तविक गरिब परिवार पहिचान गरेर मात्र वितरण गर्नुपर्दछ।

५८ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बिद्यालयका विद्यार्थिहरूलाई पोशाक,खेलकुद सामाग्री र सास्कृतिक कार्यक्रम लगायत अन्य समाग्रीमा रू ५४३३०४९/- भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट

गाउँपालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| क्र.सं | गो.भौ.नं. र मिति | भुक्तानी पाउने फर्म | बिद्यार्थी संख्या | बिबरण | भुक्तानी रकम रू |
|---|---|---|---|---|---|
| १ | १६५-०८०/११/०३ | श्री ग्राङ आधारभूत विद्यालय | १९४ | स्कुल ड्रेस | २४२५००/- |
| २ | | श्री पलेप प्रा.वि. | ७१ | स्कुल ड्रेस | ८८७५०/- |
| ३ | | श्री सेतीभुमे मा.वि. | ३३५ | स्कुल ड्रेस | ४१८७५०/- |
| ४ | २५३-०८१/०१/१३ | श्री तेम्राङ प्रा.वि. | २७ | स्कुल ड्रेस | ३३७५०/- |
| | | श्री सुन्धरा मा.वि. | १३३ | स्कुल ड्रेस | १२८३४५/- |
| | | श्री शिलादेवी प्रा.वी. | ९१ | स्कुल ड्रेस | ८७८१५/- |
| ५ | २७६-०८१/०२/०६ | कालिका हिमालय मा.वि. | ६५६ | स्कुल ड्रेस | ६३३०४०/- |
| | | श्री निलकण्ठ मा.वि. | ४७० ३३० | स्कुल ड्रेस | ४५३५५०/- |
| ६ | ३२६-०८१/०३/१४ | श्री मनकामना प्रा.वि. | २५ | स्कुल ड्रेस | २४१२५/- |
| | | श्री काभ्रे प्रा.वि | १९ | स्कुल ड्रेस | १८३३५/- |
| | | श्री झ्याङलाङ प्रा.वि. | ३७ | स्कुल ड्रेस | ३५७०५/- |
| | | श्री नारायणस्थान आ.वि. | ११८ ९८ | स्कुल ड्रेस | १४७५००/- |
| | | श्री वच्छलादेवी आ.वी. | ९९ | स्कुल ड्रेस | ९५५३५/- |
| | | श्री सेतिदेवि मा.वि. | १७९ | स्कुल ड्रेस | १७२७३५/- |
| | | श्री सूर्यदय आधारभुत विद्यालय | १६ | स्कुल ड्रेस | १५४४०/- |
| ७ | २००-०८०/११/२९ | कालिका हिमालय मा.वि. | | कालिका रनिङ्ग शिल्ड | ३८२२०४ |
| ८ | २२३-०८०/१२/१६ | बिभिन्न लाई भुक्तानी | | कालिका रनिङ्ग शिल्ड | २४२२९/-- |
| | | | | राष्ट्रपति रनिङ्ग शिल्ड | ८३७३६/- |
| ९ | २८१-०८१/२/१३ | बिभिन्न लाई भुक्तानी | | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड | १२१०६०/- |
| | | | | राष्ट्रपति रनिङ्ग शिल्ड | २७०९४५/- |
| १० | ३९१-०८१/३/२० | लाङटाङ क्षेत्र संरक्षण सरोकार समाज | | रेड पण्डा संरक्षण भनि आर्थिक सहयोग माग भएकोमा खेलकुद र सास्कृतिक कार्यक्रममा खर्च भएको | ६५५०००/- |
| ११ | ४१९-०८१/३/२२ | हिमालय क्याम्पस प्रमुख श्री केशव रिजाल | | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा खेलाडी तथा खेल व्यवस्थापक | ३५००००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लाई उपलव्ध गराएको जर्सी, ट्रायक सूटको भुक्तानी | |
| १२ | ८७-०८०/९/१७ | ज्याङलाङ युवा समाजलाई भुक्तानी | | भलिबल खेलकूदको भुक्तानी | ४५००००/- |
| १३ | ४१५-०८१/०३/२२ | भैरवि मोटर ड्राइभिङ्ग स्कूल लाई भुक्तानी | | वडा नं ४ का २५ जनालाई हलुका सवारी साधन ड्राइभिङ्ग तालिम खर्च | ५०००००/- |
| | | | | जम्मा रू | ५४३३०४९/- |

५९ **निर्माणको लागत अनुमानमा सवारी साधन समावेश**

सार्वजनिक लेखा समितिको मिति २०६९।१।८ को निर्णयअनुसार निर्माण कार्यको वि.ओ.क्यू मा सवारी साधन राख्न नपाईने व्यवस्था छ ।पालिकाले वडानं ५ को कार्यालय भवनको रू. ३८०८९५७९/९७ (पि.एस. र भ्याट समेत) को लागत अनुमान तयार गरेकोमा उक्त लागतअनुमानको पि.एस.(Provisional Sum) आइटममा साइटइन्जिनियरको लागि यातायात साधन मोटर साईकल रू. ५०००००/- समेतको प्रोभिजन गरेको देखियो । यस्तो प्रथाको नियन्त्रण हुनु पर्दछ ।

६० **विमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा पलाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले रू २० लाख माथी ठेक्काको विमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी विमा अवधि थप नगरेको र उपभोक्ता समितिहरुले विमा नै गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार ठेक्काको मर्मत अवधी कभर गर्नेगरी ठेक्काको म्याद थपसँगै विमाको म्याद थप्नु पर्ने र उपभोक्ता समितिहरुले बीस लाखभन्दा माथिको कार्यको विमा गराउनु पर्दछ ।

६१ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तनी गर्दा विल भरपाई चेक जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले वडा नं ५ भवन कार्यालयको अधिकारी निर्माण सेवा/ एल एस कन्सट्रक्सनले पेश गरेको दोश्रो रनिङ विल भुक्तानी गर्दा आइटम नं १५ को फर्म वर्क नापी अनुसार ८८५.७७ रहेकोमा ९००.३६ को भुक्तानी दिएको देखिएकोले नापी भन्दा बढी परिमाण १४.५९ वर्ग मीटरको रु. ५००/० ले भुक्तानी भएको रु. ७२९५/० असूल गर्नुपर्ने देखिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२९५ |

६२ **सफ्टवेयर खरिद परिचालनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान,खरिद बिबरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नु पर्ने व्यबस्था छ।गाउँपालिकाले १ सफ्टवेयरको खरिदमा रू. ९६०५००/- को सम्झौता भएकोमा पहिलो किस्ता वापत रू.५ लाख र वाँकी रकम प्रणालीको सुरक्षा अडिट भई Real time basis मा पूर्णरूपमा संचालन भएपश्चात् भुक्तानी हुने उल्लेख छ । पालिकाले लेखापरीक्षण अवधिसम्म उक्त सफ्टवयेरको Source code लिएको पाइएन । पालिकाले यस्ता सफ्टवेयर खरिद प्रयोग र बार्षिक मर्मत सुधार खर्चमा मितव्ययीता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यबस्था मिलाउनुपर्दछ ।

| सफ्टवेयरको विवरण | प्रयोजन | सम्झौता रकम | कार्यान्वयन अवस्था |
|---|---|---|---|
| सुशासन सफ्टवेयर | Oline मार्फत प्रशासनिक काम गर्ने | ९६०५००.०० | कार्यान्वयनको चरणमा रहेको |

६३ **रितपुर्वको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ ।धैवुङ्कोट खानेपानी योजनाको रसुवा इन्जिनियरिङ् विल्डर्श प्रा.ली.लाई दोश्रो रनिङ् बील भुक्तानी गर्दा विजक नं ५२, २०८१।३।२४ बाट रु २६३४८४८।- मा रु.३४२५३०।- मूल्य अभिबृद्धि कर समेत रू २९७७३८७।- भुक्तानी भएकोमा बिजक नं हातले लेखेको देखिएकोले निर्माण व्यवसायीलाई भुक्तानी भएको रू. ३४२५३०/- मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रू......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४२,५३० |

६४ **पाइपमा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ । धैवुङ्कोट खानेपानी योजनाको रसुवा इन्जिनियरिङ् विल्डर्श प्रा.ली.लाई दोश्रो रनिङ् बील भुक्तानी गर्दा विभिन्न साइजका ५६२७.८३ मिटर पाइपको प्रति के.जी. २०६.५ का दरले भुक्तानी भएको छ । पालिकाले निम्नानुसार पाइप खरिद गरेकोमा पाइपको मिटरलाई के.जी. मा परिणत गर्दा वेटेज फरक पारेको कारण निर्माण व्यवसायीलाई रु.४११४२।- बढी भुक्तानी भएको देखिएकोले उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रू....

| पाइपको साइज | लम्बाई (मिटरमा) | दिएको unit weight | हुनुपर्ने unit weight (जिल्ला दररेटमा भएको अनुसार | फरक के.जी मा |
|---|---|---|---|---|
| २५ एम एम १२.५ के.जी | १९६० | ०.१७ | ०.१७ | ० |
| २५ एम एम १६ के.जी | २९० | ०.२१ | ०.२०२ | २.३२ |
| ५० एम एम १० के.जी | १६०० | ०.५६ | ०.५४२ | २८.८ |
| ६३ एम एम १० के.जी | १६०० | ०.८८ | ०.८५० | ४८ |
| ७५ एम एम १० के.जी | १४८८ | १.२५ | १.१९१ | ८७.७९ |
| ९० एम एम १० के.जी | ६०० | १.७९ | १.७१७ | ४३.८ |
| | | | | २१०.७१ के.जि |
| प्रति के.जी दर | | | | २०० |
| बढी भुक्तानी | | | | ४११४२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,१४२ |

६५ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोहि अनुरुप भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा केहि नमुना छनौट गरी केहि आईटमको लागत अनुमान तयारीको परीक्षण गर्दा कालिका गाउँपालिकाको फोहर मैला संकलन तथा प्रशोधन तथा व्यवस्थापन केन्द्रको लागत तथा राप्चे पलेप ग्राड सडक स्तरोन्नतिको लागत अनुमान तयार गर्दा Roadway excavation in all type of soil ओभरहेड सहितको दरमा पुन ओभरहेड दिएको, पि.सि.सि १:१.५:३ मा दर बिश्लेषण भन्दा बढीको रेट राखेको कारण निम्नानुसार रु. २१८९४५।-बढीको लागत अनुमान तयार भएको छ । पालिकाले लागत अनुमान तयार गर्दा नियमावलीको व्यवस्थाको पालना गर्नुपर्दछ ।

| योजनाको नाम | कामको विवरण | लागत अनुमानमा फरक परेको कारण | लागत अनुमान अनुसार रकम | हुनुपर्ने रकम | परिमाण | बढी भएको रकम मु.अ.कर समेत |
|---|---|---|---|---|---|---|
| कालिका गाउँपालिकाको फोहर मैला संकलन तथा प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण | Roadway excavation in all type of soil | दर विश्लेषणमा दोहोरो ओभरहेड जोडेको | ९३.१२७ | ८०.९८ | १४२७.७५ | १९५९७ |
| | Providing and laying of PCC reinforced cement concrete( 1:1.5:3) M20 in foundation | दर दर विश्लेषण अनुसार फाउण्डेशनको दिनुपर्नेमा स्ल्याब, विमको दिएको | १६७१९.०६८ | १७३७३.३४ | ८८.५८ | ६५४८९ |
| राप्चे पलेप ग्राड सडक स्तरोन्नतिको | Providing and laying of PCC reinforced cement concrete( 1:1.5:3) M20 in foundation | दर दर विश्लेषण अनुसार फाउण्डेशनको दिनुपर्नेमा स्ल्याब, विमको दिएको | १६९०८.९६ | १७३९२.७२ | २४४.८७ | १३३८५९ |
| | | | | | | २१८९४५ |

६६ **संघीय समपुरक योजना**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत राप्चे पलेप ग्राङ् सयक स्तरोन्नति कार्यको अवधि २ वर्ष रहेको र लागत अनुमान २ करोड २७ लाख भई यस वर्ष संघीय सरकारबाट ५० लाख बजेट विनियोजन भएको देखिन्छ । पालिकाले उक्त सडक आयोजनाको ठेक्का व्यवस्थापन गर्दा २ वर्षमा सम्पन्न गर्ने गरि रु. २ करोड २७ लाखको लागत अनुमान स्विकृत गरि ठेक्का व्यवस्थापन गर्नुपर्नेमा यस वर्ष मू.अ. कर र प्रोभिजनल सम बाहेक रु ८३५०४८८.५७ को लागत अनुमान स्विकृत गरी २०८१।३।१० मा कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गरेमा सम्झौता अनुसारको कार्यसम्पन्न भएको छ । यसरी बहुवर्षिय योजनाको रुपमा स्विकृत भएको योजनालाई लागत अनुमान टुक्रा पारी १ वर्षको ठेक्का व्यवस्थापन गरेको उपयुक्त देखिएन ।पालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

६७ **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । जिवजिवे स्कुल देखि चालिसे फाँट हुँदै नौकुण्ड गा पा जोड्ने कृषि सडक निर्माण कार्यको लागि इन्द्रावती कन्स्ट्रक्शन संग रु ९५२४०५८।- को सम्झौता गरी २ किस्तामा पेश्की एवं प्रथम रनिङ् विल भुक्तानी भएकोमा विमा गरेको पाइएन । उक्त निर्माण कार्यको म्याद २०८१।३।१६ सम्म भएकोमा २०८१ भाद्र मसान्त सम्म म्याद थप भएको छ । यसरी वि ओ क्यु मा व्यवस्था भएकोमा समेत विमा नगर्दा निर्माण कार्य जोखिममा पर्ने देखिन्छ । पालिकाले सम्झौताको पालना गर्नुपर्दछ ।

६८ **बढी भुक्तानी** (२६-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। धैवुङ्कोट खानेपानी योजनाको रसुवा इन्जिनियरिङ् विल्डर्श प्रा.ली.लाई दोश्रो रनिङ् बील भुक्तानी गर्दा प्रोभिजनल सम रु २५०००।- र निर्माण कार्य रू. २९४९१२८.३९ समेत रू.२९७४१२८.३९ भुक्तानी हुनुपर्नेमा रु २९७७३७८।- भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रू. ३२५०।- सम्बन्धित निर्माण व्यवसायीबाट असूल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२५० |

६९ **१५ बेड अस्पताल बढी भुक्तानी**

गाउँपालिकाको १५ बेडको अस्पताल निर्माणको लागि २०८०।२।९ मा कार्य सम्पन्न गर्ने गरी २०७८।२।९ मा गौरी पार्वती/के एण्ड के जी/रमिता जे.भि. संग रु ८५२०५९५६.४० को सम्झौता गरेको छ । निर्माण व्यवसायीलाई तेस्रो रनिङ्ग बिल सम्म प्रोभिजनल सम बाहेक रू ६०६८८७६०.१८ भुक्तानी गरेकोमा पालिकाले तस्रो रनिङ्ग विलमा हालसम्मको कार्य रकममा दोश्रो रनिङ्ग विलसम्मको परिमाण कम सारेको कारण रू ६००४११४६.३३ को मात्र काम भएको देखिन्छ । यसरी दोश्रो विल सम्म भुक्तानी भै सकेको रकमलाई तेस्रो विलमा परिमाण कम सारेको कारण निर्माण व्यवसायीलाई निम्नानुसार रू ६४७६२५।- (मु.अ.कर समेत) बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रू...

| सि.नं. | कामको विवरण | दोश्रो विलसम्मको भुक्तानी भएको upto date work | तेस्रो विलको भुक्तानी | तेस्रो विल सम्मको upto date work हुनुपर्ने | तेस्रो विल सम्मको upto date work राखेको | बढी भुक्तानी भएको परिमाण | दर | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | **OT Block**<br>First class chimney bhata brick masonry work…. | २६३.०३ | ० | २६३.०३ | २२६.२७ | ३६.७६ | १५००० | ५५१४०० |
| २ | Providing and laying 10 mm thick alkaline resistant wall tiles | ० | १२०.३० | १२०.३० | १२६ | (५.७) | १२०० | (६८४०) |
| ३ | **Land scaping work**<br>Excavation in foundation in all type of soil | १००.८ | ६० | १६०.८ | ६० | १००.०८ | २०० | २०१६० |
| ४ | Back filling in foundation | ८४ | ३६ | १२० | ३६ | ८४ | १०० | ८४०० |
| | | | | | | | | ५७३१२० |
| | | | | | | | | ६४७६२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४७,६२५ |

७० **प्रोभिजनल सम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ । निम्न योजनाको लागि निर्माण व्यवसायीसँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख भएकोमा प्रोभिजनल सम वपात रू २०४६२३/- भुक्तानी दिएकोमा सो को बिल भरपाई पेश गरेका देखिएन। उक्त कार्यको वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू......

| गो भ ौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायी | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ११-२०८१।३।१४ | धैवुङ्कोट खानेपानी आयोजना | रसुवा इन्जिनियरिङ् एण्ड विल्डर्श | ल्याब टेष्ट | २५००० | |
| | | | विमा | १००००० | |
| २६-२०८१।३।२४ | धैवुङ्कोट खानेपानी आयोजना | रसुवा इन्जिनियरिङ् एण्ड विल्डर्श | विमा | २५००० | |
| २८-२०८१।३।४ | धैवुङ्कोट खानेपानी आयोजना | यू.आई डि इन्जिनियरिङ् कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा.ली. | विमा | ३९६२३ | विमाको पोलिसी पेश नभएको |
| | | | ल्याब टेष्ट | १५००० | |
| | | | | २०४६२३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०४,६२३ |

७१ **स्थलगत निरीक्षण**

गाउँपालिकाको १५ बेडको अस्पताल निर्माणको लागि २०८०।२।९ मा कार्य सम्पन्न गर्ने गरी २०७८।२।९ मा गौरी पार्वती/के एण्ड के जी / रमिता जे.भि. संग रु ८५२०५९५६.४० को सम्झौता गरेको छ ।उक्त निर्माण कार्य समयमा सम्पन्न नभएको कारण २०८१।१२।३० सम्म म्याद थप भएकोमा निर्माण व्यवसायीलाई तेस्रो रनिङ् बिल सम्म प्रोभिजनल सम बाहेक रु ६०६८८७६०.१८ भुक्तानी गरेको छ ।लेखापरीक्षणको क्रममा निर्माणाधिन १५ बेड अस्पतालको स्थलगत निरीक्षण गर्दा निम्नानुसार आईटमको भुक्तानी तस्रो बिल सम्म भएको भएता पनि स्थलगत रुपमा उक्त कार्य भएको पाइएन । यसरी सम्पन्न नभएको कामको रकम भुक्तानी दिनु उचित देखिदैन । पालिकाले सम्पन्न नभएको काम सम्पन्न भए वापत रु. ३३५०९१५ भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थलगत अनुगमन गर्दा भुक्तानी भएको निम्न ४ काम नभएको पहिचान गर्न सकिएकोमा सो बाहेकका अन्य कार्यहरुको समेत कार्यसम्पन्न नहुँदै भुक्तानी भएको हुन सक्ने देखिएकोले पालिकाले सो सम्बन्धमा छानविन गरी नभएको काम समयमा सम्पन्न लगाउनु पर्ने र भुक्तानीको सिफारिश गर्ने प्राविधिकलाई जिम्मेवार बनाई निर्माण व्यवसायीलाई निर्धारित समयमा काम सम्पन्न गर्न लगाउनुपर्दछ ।

| कामको विवरण | भुक्तानी भएको परिमाण | दर | रकम | स्थलगत अवलोकनबाट देखिएका विषय |
|---|---|---|---|---|
| **<u>OT block</u>**<br>Providing and installation of salwood Doors and window shutter frame of 38mm×75 mm salwood with 5mm thick glass wherever necessary with proper fixing with all associates items like locks handles... | २५७.८३० | ९००० | २३२०४७० | झ्याल ढोककाको चौकोस ( Frame) मात्र राखेको |
| Providing and laing 10 mm thick Alkali wall tiles on floor in cement mortar 1:1 over cement plaster 1:4 of approved brand and colour with perfect line................. | १४.४ | ११०० | १५८४० | Toilet मा लगाएको छ र male/ female changing room मा लगाएको छैन |
| Providing and laing 10 mm thick Alkali wall tiles on walls in cement mortar 1:1 over cement plaster 1:4 of approved brand and colour with perfect line................. | | १२०० | | Toilet मा लगाएको छ र male/ female changing room मा लगाएको छैन |
| **<u>Existing building</u>**<br>Providing and installation of salwood Doors and window shutter frame of 38mm×75 mm salwood with 5mm thick glass wherever necessary with proper fixing with all associates items like locks handles... | ७३.९७५ | १०००० | ७३९७५० | झ्याल ढोककाको चौकोस ( Frame) मात्र राखेको |
| 50mm dia stainless steel railing with 50 mm dia vertical post @ 2m c/c distance with three layers of 25 mm thick dia between level and top level and top 50 mm railing upto heightb0f 3’0” | ७८.५३० | ३५०० | २७४८५५ | काम नभएको |




**झ्याल ढोका नराखेको अवस्थामा ओ टी भवन र पुरानो भवन**

लेखापरीक्षणको क्रममा पालिकाको कर्मचारी र लेखापरीक्षण टोली समेत संयुक्त रुपमा स्थलगत अवलोकनमा माथी उल्लेखित ४ आईटमको भुक्तानी भएको तर स्थलगत रुपमा काम नभएको विषय लेखापरीक्षणबाट औल्याएपछि पालिकाले भवनमा ढोका राख्ने काम बाहेकका सबै काम सम्पन्न गरेको प्रमाण पेश गरको छ । अस्पतालको सम्पन्न हुन बाँकी भएको ढोका राख्ने काम वापतको निम्नानुसार रु. १६५५८२०.०० भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गराउनुपर्ने रू

| कामको विवरण | भुक्तानी भएको परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|
| Providing and installation of salwood Doors and window shutter frame of 38mm×75 mm salwood with 5mm thick glass wherever necessary with proper fixing with all associates items like locks handles...<br>OT block 125 sqm<br>Existing block 58.98 sqm | १८३.९८ | ९००० | १६५५८२० | ढोककाको चौकोस ( Frame) मात्र राखेको र ढोका नराखेको |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,५५,८२० |

७२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । वडा नं ५ को वडा कार्यालय भवन निर्माण कार्यको लागि अधिकारी कन्स्ट्रक्सनलाई रू १३५००००।- मोलिलाईजेशन पेश्की दिएको आर्थिक वर्षको अन्त्य सम्म फस्यौंट भएको नदेखिएकोले नियमानुसार फस्यौंट हुनुपर्दछ ।

७३ **लागत सहभागिता**

गाउँपालिकाको निर्णय अनुसार लागत सहभागिताको अंश १५ प्रतिशत हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको निर्माण कार्यको सबै सम्झौतामा लगभग ८ देखि ११ प्रतिशतको हाराहारीमा लागत सहभागिताको अंश रहेको र सोही अनुसार सहभागिताको अंश कट्टा गरी भुक्तानी गरेको पाइएकोले गाउँपालिका आफैले गरेको निर्णय पालना भएको देखिएन । केही उदाहरणहरु निम्नानुसार छन्:-

| उपभोक्ता समितिबाट सञ्चालित योजना | सम्पादित कामको मूल्यांकन | उपभोक्ता समितिले व्यहोरेको रकम | उपभोक्ता समितिको योगदान प्रतिशत |
|---|---|---|---|
| ग्राङम्राङ देखि थोक्राटोल बाटो निर्माण | ५०३५४० | ४५२७० | ८.९९ |
| टाँसीलिङ गुम्बा निर्माण | ५५६८६४ | ५८५५७ | १०.५१ |
| साम्लिङ गुम्बा गोरेटो बाटो | २११७०९ | २४९५७ | ११.० |
| अमलडाँडा चित्रेपानी सडक निर्माण | १९६२९०० | २१२९०० | १०.८५ |

७४ **उपभोक्ता समितिः**

गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका १०३ योजनाको लेखापरीक्षणको क्रममा परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि २०७५ अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ ।

७५ **सामाजिक सुरक्षा तर्फः-**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रू ५७२०९१५६।- प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको वेहोराहरू निम्नानुसार छन् ।

७५.१ **निष्कृय लाभग्राहीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले बैंक मार्फत सम्बन्धितको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु. ५७२०९१५६।- निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो । पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

७५.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

७५.३ **प्रतिबेदनः** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र

विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाबाट यस सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।

७५.४ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएकोमा पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन

७५.५ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता . लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले दोहोरो परेको र मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ ।पालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रु. ७३६३५।- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रू

| क्र.सं. | परिचयपत्र नं. | नाम | बैंक खाता नं. | मृत्यु भएको मिति/ लगत कट्टा लागू हुने मिति | लाभग्राहीको खाता जम्मा गरेको कुल रकम | लाभग्राहीको खाता जम्मा हुनर्ने रकम | बढी भुक्तानी भएको |
|---|---|---|---|---|---|---|---|
| १ | १९९००११५०४४७४ | सातुनीकान्छी न्यौपाने | 04313820096000000001 | २०८०।११।५ | ३१८६७ | २८७०० | ३१६७ |
| २ | १९९७१०१६००६०५ | फुलमाया वि क | 00915100066122000001 | २०८०।१०।२ | २८००० | २४००० | ४००० |
| ३ | २००९०८१७०१३२७ | जुरेल देवी आचार्य | 00915100082613000001 | २०८०।१२।१४ | ३६००० | ३४००० | २००० |
| ४ | २००२०३०४०५१८१ | ठोकनाथ न्यौपाने | 00915100065966000001 | २०८०।११।१५ | ३२००० | ३०००० | २००० |
| ५ | २००९०११८०४८८६ | सार्की थिङ तामाङ | 00915100088334000001 | २०८०।११।२३ | ३६००० | ३११०० | ४९०० |
| ६ | १९८९०४०७००४२२ | गंगामाया आचार्य | 00915100040517000002 | २०८०।९।१० | २४००० | २१६०० | २४०० |
| ७ | १९९४०२०४०१७०२ | नुर्पु सिंगी वाइवा | 00915100065294000002 | २०८०।९।२१ | २४००० | १९००० | ५००० |
| ८ | १९९२०६२५००३१६ | कृष्णमाया गलान | 00915100065967000001 | २०८०।७।८ | १६००० | १३२०० | २८०० |
| ९ | २००१०२०५०८५७४ | मेन्ची थिङ तमाङ | 00915100066230000001 | २०८०।३।२८ | १६००० | ० | १६००० |
| १० | १९९००५११५०३४३२ | शेष कुमारी लामिछाने | 00915100039520000002 | २०८०।९।१२ | २४००० | २१६०० | २४०० |
| ११ | १९९२०२१००२१५६ | लिला बहादुर नगरकोटी | 00915100047079000002 | २०८०।८।२५ | २४००० | २०००० | ४००० |
| १२ | १९८४०६१७००११२ | पुर्ण भद्र पौडेल | 03913820101342000001 | २०८०।६।१० | १२००० | ९४०० | २६०० |
| १३ | १९९९०४१३०१०६२ | विष्णु माया घर्तीमगर | 00915100039275000002 | २०८०।६।९ | १२००० | ९२०० | २८०० |
| १४ | १९७४०१०२०००५८ | वीर बहादुर तमाङ | 00915100039278000002 | २०८०।५।२६ | १२००० | ८००० | ४००० |
| १५ | १९८९१११५०१०२२ | दल बहादुर पनेरु | 00915100066024000001 | २०८०।६।९ | १२००० | ९२०० | २८०० |
| १६ | २०६०१००१०१४४५ | शुशिला तामाङ (दोहोरो परेको) | 00915100066216000002 | २०८०।३।३० | १२७८६ | ० | १२७६८ |
| जम्मा | | | | | ३५२६५३ | २७९००० | ७३६३५ |

| असुल गर्नुपर्ने | ७३,६३५ |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कालिका गाउँपालिका, रसुवा , कालिका गाउँपालिका , रसुवा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण बहादुर के सी कुँवर | २०७९-११-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | वाचस्पति सुनुवार | २०७६-१-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,४९६,३९९ | ४,१४९,५२६ | १,९६५,३४९ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,६११,२७४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ५४९,१०१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८,०६२,१७३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४९६९३१११.५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २१०३१३४७६.४३ | चालु खर्च | २३८८२४४३३.५४ |
| प्रदेश सरकारबाट अनुदान | ४१३७१८९६.६७ | पूँजीगत खर्च | ७५०२४३५५.८३ |
| राजश्व बाँडफाँट | ५६९३५४६७.७२ | वित्तीय/अन्य व्यवस्था | ७८७७९७३०.२२ |
| आन्तरिक आय | ३२८४२७६.७५ | | |
| अन्य आय | ८२४७३५७८.६३ | | |
| कुल आय | ३९४३७८६९६.२ | कुल खर्च | ३९२६२८५१९.५९ |
| बाँकी मौज्दात | | ५१४४३२८८.११ | |

## अनुसूची - २

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| कालिका गाउँपालिको आ.व. ०८०/०८१ को एकिकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय तर्फ | | | | व्यय तर्फ | | | |
| क्र.सं. | बिबरण | रकम | जम्मा रकम | क्र.सं. | बिबरण | रकम | जम्मा रकम |
| **१** | **गत बर्षकोमौज्जात अ.ल्या. रकम** | | **४९६९३१११.५०** | **१** | **चालू खर्च** | | **२३८८२४४३३.५४** |
| | संचित कोषखाता | ४०४९७६८९.९३ | | | नेपाल सरकार समानीकरण अनुदान | १९४२५३५८.४८ | |
| | धरौटीखाता | ५०१५५६७.५७ | | | प्रदेश सरकार समानीकरण अनुदान | ५८२६१४४.८४ | |
| | विविध कोषखाता ग ५ समुह | २५८०९८०.३१ | | | नेपाल सरकार सशर्त अनुदान | १२८३०३७७७.०३ | |
| | प्रकोप ब्यबस्थापन | १५९८८७३.६९ | | | प्रदेश सरकार सशर्त अनुदान | ५७२८०४४.६७ | |
| **२** | **राजस्व आन्तरीक आय** | | **३२८४२७६.७५** | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | ७२१७८७०.५७ | |
| | आन्तरिक राजस्व | ३२८४२७६.७५ | | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ३५२७१७१२.३९ | |
| **३** | **राजस्व बाँडफाँड - संघीय सरकार** | | **४६३५५५४५.४९** | | आन्तरिक श्रोत | ३७०५१५२५.५६ | |
| | मू.अ कर बाँडफाँड | २८६५८०८७.४६ | | | | | |
| | अन्त शुल्क बाँडफाँड | १३१३५५३९.०६ | | **२** | **पूँजिगत खर्च** | | **७५०२४३५५.८३** |
| | रोयल्टी बाँडफाँड | ४५६१९१८.९७ | | | नेपाल सरकार समानीकरण अनुदान | ३६७३१९०४.४३ | |
| **४** | **राजस्व बाँडफाड प्रदेस सरकार तर्फ** | | **१०५७९९२२.२३** | | नेपाल सरकार सशर्त अनुदान | १०९७९००.०० | |
| | सवारी साधन कर बाँडफाँड | ८९८६८७०.४९ | | | विशेष अनुदान ( नेपाल सरकार) | ३६६२०३१.४० | |
| | घर जग्गा रजिष्ट्रेसन दस्तुर | १५९३०५१.७४ | | | संघीय सरकार समपुरक अनुदान | २२९१७६८.०० | |
| **५** | **वित्तिय हस्तान्तरण संघिय सरकार** | | **२३९५१२७८९.४७** | | प्रदेश सरकार समपुरक अनुदान | ३०४७२७९.०० | |
| | बितिय समानीकरण अनुदान | ७४९५८०००.०० | | | सशर्त अनुदान प्रदेश सरकार | १४८७९५७३.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सशर्त अनुदान | १५८२५४८६०.०० | | | प्रदेश सरकार विशेष अनुदान | १००००००००.०० | |
| | समपुरक अनुदान | २६२८१०५.४५ | | | राजस्व बाँडफाड नेपाल सरकार | ५०५०००.०० | |
| | विशेष अनुदान | ३६७१८२४.०२ | | | आन्तरिक श्रोत | २८०८९००.०० | |
| ६ | **प्रदेश सरकारबाट अनुदान प्राप्त** | | **४६९९१०४६.३८** | | | | |
| | समानीकरण अनुदान | ७७१७०००.०० | | ३ | **बिभिन्त कोष तर्फको खर्च** | | **४७९५०६५.८** |
| | सशर्त अनुदान | २१०७४०००.०० | | | स्थानिय प्रकोष व्यवस्थापन खर्च | २४२५९४५.६२ | |
| | समपुरक अनुदान | ८२०००४६.३८ | | | विभाज्य कोष खर्च (बाँडफाड प्रदेस सरकार तर्फ) | ५६७७४४.१८ | |
| | विषेश अनुदान | १००००००००.०० | | | सूचना प्रविधि अधिकृतको पारिश्रमिक खर्च { | १८९७५६.०० | |
| ७ | **विभिन्न कोष तर्पको आय** | | **६०७४१५५.४३** | | अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रम | १६११६२०.०० | |
| | स्थानिय प्रकोष व्यवस्थापन | १२५००००.०० | | ४ | **धरौटी फिर्ता/ सदरस्याहा** | | **१०९४८७३.२** |
| | विभाज्य कोष | १४२३१५५५.४५ | | ५ | **अन्तर सरकारी अख्तियारी** | | ७२८८९७९१.२० |
| | बिबिध कोष खाता (कर्मचारिर कल्याण कोष) | १४०००००.०० | | | सामाजिक सुरक्षा तथासंरक्षण | ५७२०९१५६.०० | |
| | सूचना प्रविधि अधिकृतको पारिश्रमिक साझेदारी | ३८०९९९.९८ | | | गरिबसंग विश्वेश्वरकार्यक्रम | ३९०२००.०० | |
| | अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रम | १६२००००.०० | | | स्वास्थ्य क्षेत्र सुधारकार्यक्रम | १५०७४५५.२० | |
| ८ | **धरौटी आय** | | **३५०९६३२.००** | | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १३७८२९८०.०० | |
| ९ | **अन्तर सरकारी अख्तियारी** | | ७२८८९७९१.२० | ६ | **अनुदान तथा निकास फिर्ता** | | ३४८१८४६२.७५ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामाजिक सुरक्षा तथासंरक्षण | ५७२०९१५६.०० | | | संघिय अनुदान फिर्ता | २९१९९३१३.०४ | |
| | गरिबसंग विश्वेश्वरकार्यक्रम | ३९०२००.०० | | | प्रदेश अनुदान फिर्ता | ५६१९१४९.७१ | |
| | स्वास्थ्य क्षेत्र सुधारकार्यक्रम | १५०७४५५.२० | | ७ | **मौज्दात** | | **५१४४३२८८.११** |
| | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १३७८२९८०.०० | | | संचित कोषखाता | ३९४०५६३४.४ | |
| | | | | | स्थानिय प्रकोप व्यबस्थापन | ४२२९२८.०७ | |
| | | | | | विभाज्य कोष | ३७९५.०० | |
| | | | | | विविध कोषखाता ग ५ समुह | ३९८०९८०.३१ | |
| | | | | | धरौटीखाता | ७४३०३२६.३५ | |
| | | | | | विविध खर्च खाता | १९९६२३.९८ | |
| | **जम्मा रू** | | ४७८८९०२७०.४५ | | **जम्मा रू** | | ४७८८९०२७०.४५ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।